आज मिति २०७७ जेठ २ गते शुक्रबारको दिन बिहानको ७:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ८८ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्यश्रीशारदाआचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री काजी कुमार पोखरेल | सचिव | |

**अन्य उपस्थिती** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)

२. श्री गणेश गुरुङ (लेखा अधिकृत)

मिति २०७७/२/१ गते नगर प्रमुखज्यूबाट मिति २०७७/२/२ गते नगर कार्यपालिकाको ८८ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाबाट निर्णयका लागि पेश भएका विषयहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | कानूनमा भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | विषयगत समितिहरुको म्याद थप सम्बन्धमा । | | • स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा भएको व्यवस्था बमोजिम यस दक्षिणकाली नगर कार्यपालिकाको चौथो बैठकबाट गठन भएका आर्थिक विकास समिति, विधयेक समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, सार्वजनिक सेवा तथा क्षमता विकास समिति, पूर्वाधार विकास समिति लगाएत्का समितिहरुको २ वर्षे कार्यकाल समाप्त भएको हुदाँ आगामी असार मसान्त सम्मको लागी हाल रहेको समितिलाई नै निरन्तरता दिई कार्यान्वयनमा ल्याउने । |
| २. | युवा तथा खेलकुद विकास कार्यविधि सम्बन्धमा । | | • यस दक्षिणकाली नगरपालिकाको मिति २०७६/०८/०९ को ८२ औं कार्यपालिकाको निर्णयानुसार यस नगरपालिकालाई कार्यसम्पादनको लागी आवश्यक युवा तथा खेलकुद विकास कार्यविधि स्वीकृत गर्नको लागी साविकको विधयेक समितिको मिति २०७७/०१/२९ को निर्णयानुसार मस्यौदा कार्यविधि पेश भएकोमा उक्त **दक्षिणकाली नगरपालिका युवा तथा खेलकुद विकास कार्यविधि, २०७७ र खेलकुद कार्यक्रम सञ्चालन मापदण्डलाई** स्वीकृत गरी कार्यान्वयनमा ल्याउने । |
| ३. | मनमोहन स्मृति सामुदायिक अस्पताल पूर्वाधार निर्माण आयोजना संशोधन सम्बन्धमा । | | • चालु आ.ब.को नगर विकास योजनामा मनमोहन स्मृती प्रतिष्ठानको लागी रु.१०,००,०००।- (दश लाख) विनियोजन भएकोमा सो योजना संशोधन भई क्वारेन्टाईन निर्माण हुने भएको हुदाँ कवारेन्टाईन निर्माणको लागी सोही कार्यविधिले उल्लेख गरे बमोजिमको पुँजीगत खर्च गर्ने । |
| ४. | कोरोना भाईरस (कोभिड - १९) रोकथाम तथा नियन्त्रण सम्बन्धमा । | | • विश्वव्यपी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड - १९) संक्रमितहरु नेपालमा समेत दिनानुदिन बढ्दै गएको कारणले लम्बिएको लकडाउनको अवस्थामा राहत एवं आवश्यक स्वास्थ्य सामग्रीहरु खरिद गर्नका लागी यस नगरपालिकाले स्थापना गरेको आकस्मिक कोष (राहत कोष) मा रु.४०,००,०००।- (चालिस लाख) रुपैयाँ अन्य शिर्षकबाट नगर प्रमुख स्तरबाट निर्णय गराई रकमान्तर गरी थप गर्ने र आवश्यक्ता अनुसार रोकथाम तथा नियन्त्रणका लागी स्वास्थ्य सामग्री र खाद्यान्न खरिद गरी भण्डारण गर्ने । |
| ५. | ल्होसार कार्यक्रम तथा नेपाल भ्रमण वर्ष २०२० को रकम भुक्तानी सम्बन्धमा । | | • नेपालीहरुको राष्ट्रिय पर्वको रुपमा मनाईने पर्वहरुमध्ये एक सोनाम ल्होसार भएको हुदाँ उक्त कार्यक्रमका माध्यमबाट नेपाली सँस्कृतीको सम्बर्द्धन र संरक्षण गर्ने उद्देश्यले मिति २०७६/११/०२ मा सञ्चालन भएको कार्यक्रमको खर्च चालु आ.ब.को लागी विनियोजित पर्यटन प्रवर्द्धन कार्यक्रमबाट रु.५,००,०००।- (पाँच लाख) सम्बन्धित वडा कार्यालय समेतको सिफारिसमा नेपाल तामाङ घेदुङ संघ नामक समितिले प्रमाणित गरी पेश गरेको बिल भर्पाईको आधारमा भुक्तानी दिने । |

प्रतिलिपि प्रमाणित

**(दिपक कुमार के.सी.)**
**यो.अ.तथा प्र.अधिकृत**

| | | | |
|---|---|---|---|
| ६. | न.पा.तथा वडा कार्यालयबाट गरीने सेवा प्रवाह सम्बन्धमा । | | • विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड - १९) दिनानुदिन बढ्दै गईरहेको सन्दर्भमा यस कार्यालय तथा मातहतका कार्यालयहरुमा पनि उच्च सतर्कता अपनाउन जरुरी हुदाँ नेपाल सरकारद्वारा घोषणा गरिएको लकडाउनको अवस्थामा कार्यालयमा कर्मचारीहरुको समेत उपस्थिति न्यून भएकोले अति आवश्यक सेवा बाहेक अन्य कार्यहरुलाई निरुत्साहीत गर्ने उद्देश्यले सुचना समेत प्रकाशन गरी नगरी नहुने कार्य (स्वास्थ्य तथा कोरोना रोकथामका कार्यहरु) मा सिमित रहने व्यवस्था गर्ने । |
| ७. | एम्बुलेन्स सञ्चालन सम्बन्धमा । | | • नेपाल रेडक्रस सोसाईटी, फर्पिङ उपशाखाद्वारा सञ्चालित एम्बुलेन्स सेवालाई अर्को व्यवस्था नभए सम्मका लागी यस नगरपालिकाबाट सञ्चालनमा ल्याईएकोमा मिति २०७७/०१/०६ गते देखी ईन्धन शुल्क बापत काठमाडौं उपत्यका भित्र मात्र प्रयोग गर्दा जनही रु.७५०।- (सात सय पचास) शुल्क लिने, उक्त रकम आकस्मिक कोष (राहत कोष) मा जम्मा गर्ने । साथै यस नगरपालिकाभित्र भएका मृगौला पिडितहरुलाई निःशुल्क सेवा दिने । |
| ८. | विद्युत्तिय बोलपत्र खोल्ने सम्बन्धमा । | | • बलामी गाउँ सडक कालोपत्र तथा ड्रेन निर्माण र फुलचोक सडक कालोपत्र तथा ड्रेन निर्माण आयोजना सञ्चालनको लागी मिति २०७६/१०/१६ मा राष्ट्रिय पत्रिका नागरीक दैनिकमा प्रकाशित बोलपत्र आव्हान गरिएको र उक्त बोलपत्र २०७७/१/३ गते खोल्नु पर्नेमा कोरोना भाईरस (कोभिड - १९) को संक्रमण रोकथाम गर्ने उद्देश्यबाट भएको लकडाउनको कारण यस नगरपालिकामा प्राविधिक कर्मचारीहरु, प्रतिनिधि समेत उपस्थित हुन नसकेको कारणले बोलपत्र खोल्न नसकेको भनि सम्बन्धित प्राविधिकहरुको भनाई रहेको र निजहरुको भनाईमा सत्यता भएको हुदाँ उक्त बोलपत्र मिति २०७७/२/६ गते खोल्ने गरी निर्णय गरियो । |
| ९. | विविध ।<br><br>प्रतिलिपि प्रमाणित<br>०७७/१/४ गते<br>(दिपक कुमार के.सी.) | | • यस नगरपालिकाको आफ्नै प्रशासनीक भवन नभएको हुदाँ हाल फर्पिङ मा.वि.को भवनमा कार्यालय सञ्चालन हुदै आएको तथा वार्षिक रुपमा भाडा समेत तिर्न नपरेको हुदाँ उक्त विद्यालयलाई शिक्षा शिर्षकको विद्यालयलाई मागमा आधारित कार्यक्रमतर्फबाट वार्षिक रुपमा रु.५,००,०००।- (पाचँ लाख) विनियोजन गरी विद्यालयलाई दिने ।<br>• दक्षिणकाली नगरपालिका वडा नं. ८ स्थित सिम्पानी - राम्चे मोटरबाटोमा वर्षायाममा वर्षात्का कारणबाट पहिरो लागी सडक अवरुद्ध भएको हुदाँ उक्त पहिरो लगाएत् साईड ड्रेनहरु सपाःईमा भएको खर्च प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गर्ने ।<br>• दक्षिणकाली नगरपालिका वडा नं.४ बाँसबारी बसस्टपमुनी पहिरो व्यवस्थापनका लागी लागत अनुमान अनुसार रु.७,००,०००।- (सात लाख) विनियोजन गर्ने ।<br>• ईलाका प्रहरी कार्यालय फर्पिङद्वारा यस नगरपालिकाको राजश्व गस्ती, नगरको शान्ती सुरक्षा, बजार व्यवस्थापनमा सहकार्य हुदा आएकोमा उक्त प्रहरी कर्मचारीहरुले प्रयोग गर्ने भान्छा तथा शौचालय जिर्ण भई यस नगरपालिकाको सहमतिमा मर्मत सम्भार भएकोले दोहोरो भुक्तानी नहुने गरी उक्त |

| | | | |
|---|---|---|---|
| | (दिपक कुमार के.सी.) | | कार्यको प्राविधिक मुल्याङ्कन गराई रु.२,५०,०००।- (दुई लाख पचास हजार) भुक्तानी दिने ।<br>• विद्युत लामो अवधीसम्मको केही रकम भुक्तानीको लागि आएमा विषयमा यथार्थ बुझी नगर प्रमुखबाट निर्णय गराई भुक्तानी दिने ।<br>• विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड - १९) रोकथाम तथा नियन्त्रणका लागी नेपाल सरकारद्वारा घोषित लकडाउनको अवस्थामा नेपाल सरकारद्वारा राजपत्रमा प्रकाशित सुचना बमोजिम उक्त अवधिलाई सार्वजनिक बिदा दिने निर्णय भएकोमा कार्यालयबाट नगरी नहुने काम गर्नको लागी लकडाउनको समयमा खटिने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिने नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको च.नं.३२१/५८१४, मिति २०७६/१२/०९ को निर्णय भएको हुदाँ यस नगरपालिका एवं अन्तर्गत स्वास्थ्य/वडा/शाखाहरुमा उपस्थित रहि लकडाउन अवधिमा निरन्तर खटी सेवा प्रवाह गर्ने कर्मचारीहरुलाई कामकाज गरेको प्रमाणित गरी खाईपाई आएको सुरु तलब स्केलको पचास प्रतिशत सम्म प्रोत्साहन भत्ता दिने । |